# नेपाल इन्जिनियरिङ्ग परिषद्
(नेपाल इन्जिनियरिङ्ग परिषद् ऐन,२०५५ द्वारा स्थापित)
# Nepal Engineering Council
( Estd under NEC Act 2055)


पत्र संख्या : ११२(३५) ०८२।८२ च.नं. २२६

मिति २०८२/०७/१३

क्याथफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट
बालकुमारी, ललितपुर ।

**विषय : स्थायी मान्यता सम्बन्धमा ।**

प्रस्तुत विषयमा श्री क्याथफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्टलाई परिषद्को इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहको कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१ को विनियम बमोजिम परिषद्बाट देहाय बमोजिम स्नातक तहको स्थायी मान्यता प्रदान गर्ने निर्णय भएको हुँदा कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

**परिषद्को निर्णय (निर्णय नं. १४, मिति २०८२/०६/२९)**

*परिषद्बाट अस्थायी मान्यता प्राप्त क्याथफोर्ड इन्टरनेशनल कलेज अफ इन्जिनियरिङ्ग एण्ड म्यानेजमेन्ट (त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त), बालकुमारी, ललितपुरले बि.ई. सिभिलमा ९६, बि.ई. कम्प्युटरमा ४८ र बि. ई. इलेक्ट्रोनिक्स, कम्युनिकेशन र इन्फोर्मेशनमा ४८ जना विद्यार्थी भर्ना क्षमता सहित कार्यक्रम संचालन गर्न मान्यता प्राप्त गरेकोमा परिषद्बाट गठित अनुगमन टोलीले उक्त संस्थाको नियमित अनुगमन गरि पेश गरेको प्रतिवेदन माथि परिषद्मा छलफल हुँदा सो संस्थाले इन्जिनियरिङ्ग शिक्षण संस्थाको स्नातक तहका कार्यक्रमहरुको मान्यता तथा अनुगमन विनियमावली, २०८१ को विनियम ९(१) अनुसारको मापदण्ड पुरा गरेको हुनाले उक्त संस्थालाई ९ (२) बमोजिम स्थायी मान्यता प्रदान गर्ने ।*

**स्थायी मान्यताका शर्तहरु:**

१) अनुगमन/निरीक्षणको क्रममा पेश भएका लिखित प्रतिबद्धता तोकिएको समयमा पूरा गर्नुपर्ने छ ।
२) विभिन्न माध्यम मार्फत परिषद्को ध्यानाकर्षण भएमा वा ऐन, नियम, विनियम उल्लंघन भएको पाइएमा जुनसुकै बेला पनि पुन: अनुगमन हुन सक्नेछ ।
३) अर्को अनुगमन गर्ने मिति २०८४/०६/०४ भित्र ।

इ. ध्रुव राज भट्टराई
रजिष्ट्रार
(ने.इ.प. नं.६५२५ सिभिल "क")